नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय, लहान, सिरहा

पत्र संख्या :- ०८२/८३
च. नं. :-

## सूचना

**विषय: कक्षा १२ का विद्यार्थीहरूको स्थानान्तरण (Transfer) सम्बन्धी।**

कक्षा १२ का विद्यार्थीहरूको स्थानान्तरण सम्बन्धमा सरोकारवालाहरूबाट पटक-पटक जिज्ञासा तथा सोधपुछ भइरहेको सन्दर्भमा यो सूचना प्रकाशित गरिएको छ ।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) नियम ८० बमोजिम कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई सामान्य अवस्थामा स्थानान्तरण (Transfer) गर्न पाइँदैन। तथापि, देहायका अत्यावश्यक अवस्थाहरूमा मात्र शैक्षिक सत्र प्रारम्भ भएको दुई महिनाभित्र स्थानान्तरणको व्यवस्था रहेको छ ।

(क) विद्यार्थीका अभिभावक कर्मचारी भई सरुवा भएको अवस्थामा।
(ख) वैवाहिक सम्वन्धका कारण महिला विद्यार्थी अन्यत्र स्थानान्तरण हुनुपर्ने अवस्थामा।
(ग) अभिभावकको बसाईँसराइ भएको अवस्थामा।

उपरोक्त अवस्थामध्ये कुनै एक अवस्था विद्यमान भएमा सम्वन्धित विद्यालयको सिफारिस तथा विद्यार्थीको निवेदन र आवश्यक प्रमाण कागजातका आधारमा यस कार्यालयबाट आवश्यक सिफारिस उपलब्ध गराइनेछ ।

उल्लेखित अवस्थाबाहेक अन्य कारणले कक्षा १२ का विद्यार्थीहरूको स्थानान्तरण नहुने व्यहोरा सम्वन्धित सबै विद्यालय, विद्यार्थी तथा अभिभावकहरूको जानकारीका लागि अनुरोध छ ।

**आवश्यक कागजातहरू:**

- सम्वन्धित विद्यालयको सिफारिस पत्र र विद्यार्थीको निवेदन
- विद्यार्थीको अध्ययनरत कक्षाको विवरण
- अभिभावकको सरुवा पत्र (सरुवाको अवस्थामा)
- विवाह दर्ता प्रमाणपत्र वा सम्वन्धित प्रमाण
- वसाइँसराइ प्रमाणपत्र (बसाइँसराइको अवस्थामा)
- स्थानीयतहको सिफारीस पत्र

***नोट : सम्बन्धित जिल्लाभित्र स्थानान्तरण गरिने छैन ।***

मितिः २०८३ असार ३ गते

कार्यालय प्रमुख
राष्ट्रिय परीक्षा बोर्ड
शाखा कार्यालय, लाहान

फोन नं. ०३३-५६५४१३, फोन नं./फ्याक्स : ०३३-५६५१२७, ईमेल : lahan@neb.gov.np, वेबसाईट :www.neb.gov.np

CS Scanned with CamScanner